जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक २१ २०८० साल पुस १५ गते आइतवार (31 Dec. 2023 Sunday) मूल्य रु. ७/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र* – **पृष्ठ २ मा :** पहिचान र अधिकारका लागि ... **पृष्ठ ३ मा :** 'शिक्षा एकातिर छ, ... **पृष्ठ ४ मा :** स्वास्थ्यमा सर्वव्यापी पहुँच कहिले ? ... **पृष्ठ ५ मा :** नेपाल-भारतबीच विद्यमान ...

# रगतको अभाव हुन नदिन प्रहरीद्वारा रक्तदान



**राजविराज**/राजविराजमा शनिबार बृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको छ। जिल्लास्थित अस्पतालहरुमा उपचारका लागि आउने बिरामीहरुलाई रगतको अभाव हुने भएकोले प्रहरीको अगुवाईमा रक्तादन गरिएको हो।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र नेपाल रेडक्रस सोसायटी शाखाद्वारा संचालित जिल्लाको एक मात्र रक्त संचार सेवा केन्द्रमा रगतको अभाव भएपछि प्रहरीले बृहत रक्तदान कार्यक्रम संचालन गरेको छ।

राजविराजस्थित गजेन्द्र चौकमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा आयोजित रक्तदान कार्यक्रमको प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले रक्तदान गरि कार्यक्रमको शुभारम्भ गरे।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपाने, सुरक्षाकर्मी, सप्तरी युथ नेपाल, सिद्धार्थ गोतमबुद्ध यातायात सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र तथा विभिन्न संघसंस्थाका प्रतिनिधि लगायतका समेत गरि ४५ जनाले रक्तदान गरेका छन्।

नेपाल प्रहरीका सर्वाधिक २९ जना छन्। यस्तै रक्तदान गर्नेमा सशस्त्र प्रहरीका ४ र विभिन्न संघसंस्थाबाट दुई महिलासहित १२ जना रहेका छन्।

रेडक्रस र रक्तसंचार सेवा केन्द्रले सो बारे जानकारी गराएपछि रगतको अभावमा कुनै पनि व्यक्तको ज्यान नजाओस् भन्ने उद्देश्यले बृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नेउपानेले बताए।

रक्तदानको महत्व बारे सर्वसाधारणमा सचेतना फैलाउने उद्देश्यले पनि चिसो मौसमका बाबजुद हलभि नगरि कार्यक्रम सार्वजनिक र खुल्ला स्थानमा गरिएको प्रहरी उपरिक्षक बज्राचार्यको भनाई छ।

चिसो बढेसँगै बढीरहेको रोग तथा जटिल प्रकृतीका बिरामीलाई आवश्यक पर्ने रगतको रक्तसंचार सेवा केन्द्रमा अभाव रहेको इन्चार्ज नविन झाले जानकारी दिए।

# युवामाथि दमन गर्नु र नागरिक हत्या गर्नु दुःखद् कार्य : प्रवक्ता सुमन

**राजविराज**/जसपाका प्रवक्ता मनिष कुमार सुमनले युवाहरुले बालकुमारीमा शुक्रबार गरेको आन्दोलनको क्रममा प्रहरीले गोली चलाउँदा दुई जनाको निधन भएको घटनाले हामीलाई स्तब्ध बनाएको जनाएका छन्।

शनिबार एक प्रेस विज्ञप्ति जारि गर्दै प्रवक्ता सुमनले रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षामा आवेदन दिन पाउनुपर्ने माग गर्दै गरिएको प्रदर्शनका क्रममा रोजगारको माग गर्ने युवामाथि दमन गर्नु र नागरिक हत्या गर्नु झन दुःखद् कार्य भएको जनाएका छन्।

उक्त घटनाप्रति जनता समाजवादी पार्टी, नेपाल दुख व्यक्त गर्दै पीडितहरुलाई क्षतीपूर्तिको व्यवस्था मिलाउन र घाइतेहरुको स्वास्थ्योपचारको व्यवस्था गर्न माग गरेका छन्।

मुलुकमा विद्यमान गरिबी र बेरोजगारीको समस्याले नेपालीहरु विदेशीनु पर्ने बाध्यता रहेको जनाउँदै उनले मुलुकभित्र रोजगारी सृजना गर्न नसक्नु राज्यको कमजोरी रहेको उल्लेख गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, "इपिएस परीक्षामा आवेदन दिन नपाउँने भनि कसले र किन निर्णय गरेको थियो ? उक्त घटना कसरी घट्न गयो ? उक्त घटनासँग जोडिएको समग्र विषयको सत्य, तथ्य छानबिन गरी दोषीमाथि हदैसम्मको कारबाही गर्न जसपा, नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ।"

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# खडक जिल्ला तथा प्रदेशकै दोश्रो बालविवाह मुक्त पालिका

**राजविराज**/सप्तरीको खडक नगरपालिका बालविवाह मुक्त पालिका घोषणा भएको छ। बालविवाह मुक्त घोषणा हुने खडक जिल्ला तथा मधेश प्रदेशकै दोश्रो पालिका हो। यसअघि सप्तरीको सुरुङ्गा नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको थियो।

शुक्रबार आयोजित एक समारोहबीच खडक नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका शिक्षा एवं सँस्कृति मन्त्री महेश प्रसाद यादवले बालविवाह मुक्त पालिका घोषणा लेखिएको ब्यानर अनावरण गरेर खडक नगरपालिकालाई बालविवाह मुक्त नगरपालिका घोषणा गरे।

नगरपालिकाका मेयर जयप्रकाश चौधरीले बालविवाह मुक्त पालिका घोषणा गर्न नगरका सबै ११ वटै वडामा गरिएका विभिन्न कार्यक्रम र अभियानका क्रममा स्पष्ट सूचक प्राप्त भएकाले त्यसैकै आधारमा यस्तो घोषणा गरिएको बताए।

सो अवसरमा मन्त्री यादवले सप्तरी आफ्नो गृहजिल्ला समेत भएको तथा प्रदेशमै बालविवाह मुक्त घोषणा हुने पहिलो र दोश्रो दुबै पालिका सप्तरीकै हुनु आफ्नो लागि पनि गर्वको विषय भएको बताए। उनले भविष्यमा सप्तरी बालविवाह मुक्त पहिलो जिल्ला बन्न समेत सफल होस् भन्ने शुभकामना दिए। उनले आफू मधेश प्रदेशलाई नै बालविवाह मुक्त प्रदेश बनाउन चाहेको र यसमा सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

मेयर जयप्रकाश चौधरीले यसअघि नगरभित्रका ४१ सामुदायिक विद्यालय, १६ वटा आमा समूह, ११ वटा स्वास्थ्य चौकी, ३ वटा कृषक समूह र ५० वटा बालक्लब तथा नगर संजालले आ-आफ्नो स्थानबाट बालविवाह बिरुद्धको चेतनामूलक

*बाँकी अन्तिम पृष्ठमा*

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अखाद्यय बस्तुप्रति सचेत रहौं

हामी खानपिनका कारण विभिन्न रोगहरुसँग जुद्धिरहेका छौं । खानपिनमा ख्याल गर्न नसकेमा हामीलाई अकालमै विभिन्न रोगहरुको सामना गर्नुपरिरहेको अवस्था छ । विभिन्न अखाद्यय बस्तुहरुको सेवनले गर्दा हामी निरोगि समेत भइरहेका छौं । जिल्लाका विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणहरुको स्वास्थ्यलाई सिधै हानि पुऱ्याउने खालका खानेकुराहरु विक्रि वितरण हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले नगरमा यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ । अधिकांश होटलहरुमा पाईने खानेकुराहरु न त छोपेको हुन्छ, न त स्वच्छ र सफा नै, तर पनि आमउपभोक्ताहरु रहर होईन बाध्यता भुख लागेको खण्डमा ती बाँसी तथा सडेगलेका खानेकुराहरु खादै आएका छन् ।

हामी आफैं यस्ता खानेकुरा प्रति ध्यान दिन सकेनौं भने बिरामी भई उपचारमै सम्पत्ति खर्च हुने तथा परिवारलाई दुःख हुने कुरामा दुईमत नहोला । यसबाहेक सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरु प्रति सम्बन्धित निकायले पनि नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्ने जरुरी देखिन्छ ।

# पहिचान र अधिकारका लागि भएको मधेश आन्दोलनलाई राज्यले आपराधिक घटनाको संज्ञा दियो : वरिष्ठ नेता महतो

**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का बरिष्ठ नेता राजेन्द्र महतोले पहिचान र अधिकारका लागि भएको मधेश आन्दोलनलाई राज्यले आपराधिक घटनाको संज्ञा दिएको आरोप लगाएका छन् ।

राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् । उनले यसका लागि मधेश केन्द्रित दलहरुलाई सत्ता छोडेर आन्दोलनमा होमिन आह्वान गर्दै मधेशवादी दलहरुले सरकार छोडेर आन्दोलनमा आउनु पर्नेको विकल्प नरहेको पनि बताए ।

मधेश आन्दोलनको अगुवाई गर्दै आएका महोत्तरीबाट निर्वाचित प्रदेश सभा सदस्य अभिराम शर्मालगायतलाई महोत्तरी जिल्ला अदालतले आजिवन कारावासको फैसला सुनाएको भन्दै उनले पहिचान र अधिकारकालागि लडेका योद्धामाथि यस्तो सजाय सुनाउनाले राज्यपक्षले नै मधेश आन्दोलनलाई अपराधको करार दिएको साबित हुन पुगेको जिकिर गरे ।

काँग्रेस, माओवादी, एमाले लगायतका दलहरुले विगमा गरेको आन्दोलनमा पनि नागरिक तथा प्रहरीको ज्यान गएको भन्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका नेता महतोले मधेश आन्दोलनमा लागेका माथि आजिवन कारावासको सजाय सुनाउँदा पनि मधेशबादी दलहरु सत्तामा टाँसिएर बस्नुको औचित्य नरहने टिप्पणी गरे ।

मधेशका लागि स्थापित लोसपा, जसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले सत्ता त्यागेर आन्दोलनमा उत्रनु बाहेकको विकल्प नरहेको बताउँदै नेता महतोले भने, सत्तामा टाँसिएर बसिरहने समय होईन, अब सरकार छाडेर बाँकी अधिकार प्राप्तिका लागि समेत आन्दोलनमा उत्रनु अपरिहार्य भईसकेको छ ।

आफ्नो पार्टी समेत आन्दोलनमा लागेका नेता कार्यकर्तामाथि आजिवन कारावासको सजाय सुनाउँदा पनि सत्तामा बसिरहेको प्रति असन्तुष्टी जनाउँदै उनले यस्तै रबैया कायम रहे आफ्नै नेतृत्वमा मेचीदेखि महाकालीसम्मको दौडाहा गरी जनतालाई आन्दोलनमा उतार्ने चेतावनी दिए । यद्यपी छुट्टै पार्टी गठन गर्ने समय चाहिँ आईनसकेको उनको कथन थियो ।

उनले भने, “ती दलहरुले गरेको आन्दोलन चाहिँ राजनीतिक हुने अनि अधिकार र पहिचानका लागि भएको मधेश तथा थरुहट आन्दोलन चाहिँ आपराधिक ? महतोले प्रश्न गर्दै भने, यो एकल जातिय राज्यको नश्लवादी चिन्तन भएकोले हामीहरुलाई त्यो कदापि स्वीकार्य हुन सक्दैन ।”

मधेश आन्दोलन आफूलगायत उपेन्द्र यादव, महन्थ ठाकुर, महेन्द्र राय यादव, अनिल झा, शरतसिंह भण्डारी, राजकिशोर यादव लगायतको नेतृत्वको सात मधेशवादी राजनीतिक दलको सहभागितामा भए पनि यति बेला उनीहरु सत्तामा नै बसिरहेको प्रति महतोले असन्तुष्टी जनाए ।

पत्रकार सम्मेलनमा लोसपाका जिल्ला अध्यक्ष सुनिल झा, केन्द्रीय सदस्य दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, राजविराजका पूर्व मेयर शम्भुप्रसाद यादव लगायतको पनि उपस्थिती रहेको थियो ।

# प्रतिष्ठान निर्माण कार्यलाई सहयोग गर्ने : जसपा अध्यक्ष यादव

**राजविराज**/अलपत्र अवस्थामा रहेको रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम यथासिघ्र अघि बढाउन आफु सक्रिय रुपमा लागेको जसपा अध्यक्ष उपेन्द्र यादवले बताएका छन् ।

हाल निर्वाचन क्षेत्र परिवर्तन गरी बारा पुगे पनि सप्तरीमा आफुले सूरुआत गराएको योजनाहरु पुरा गराउन अहिले पनि पुर्ण प्रतिबद्धताका साथ लागि पर्ने सप्तरी यूथ नेपालका प्रतिनिधी मण्डल समक्ष उनले प्रतिबद्धता समेत जनाए ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्रिपरिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा स्वास्थ विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । त्यति बेला अध्यक्ष यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रि थिए ।

अढाई वर्ष अघि तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा शिलान्यास गरिएको प्रतिष्ठान हाल सम्म निर्माण कार्य सुरु नगरी अलपत्र अवस्थामा छाडिएको छ ।

यसै क्षेत्रबाट जितेका कारण प्रतिष्ठान राजविराजमा स्थापना गर्न उनले ठूलै भुमिका खेलका थिए । फलस्वरुप २०७८ साल जेष्ठ २१ गते मन्त्रिपरिषदको बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलमा ६२ बिगहा जग्गा प्रतिष्ठानको नाममा उपलब्ध गराउनुका साथै २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्रि केपी शर्मा ओलीबाट भर्चुअल माध्यमबाट सिलान्यास कार्य समेत सम्पन्न गराइएको थियो ।

सो क्रममा पत्रकारहरुद्वारा पार्टीमा देखिएको आन्तरिक विवाद बारे राखिएको जिज्ञासमा अध्यक्ष यादवले विवाद देखिनु समान्य कुरा हो भन्दै त्यसलाई आपसी छलफलबाट टुङ्ग्याइने जवाफ दिए ।

सप्तरी युथ नेपालको प्रतिनिधी मण्डलमा कार्यवाहक अध्यक्ष मोहन कुमार यादव, आन्दोलन परिचालन समितीका संयोजक सत्येन्द्र कुमार यादव लगायतको सहभागिता रहेको जसपा सप्तरीको प्रचार प्रसार डेस्क प्रमुख उपेन्द्र प्रसाद साहले जानकारी दिए ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
राजविराज
Mo. No : 9842830252, 9804605569

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# 'शिक्षा एकातिर छ, जागिरमा गरिने काम-कारबाही अर्कोतिर'

**डा. विष्णु कार्की**

हामी वास्तवमा एउटा स्पष्ट परिभाषाबाट डोरिएका छैनौं । एउटा समय थियो, जतिखेर छोरीलाई पनि विद्यालय पठाउनुपर्छ भन्ने हाम्रो राष्ट्रिय नारा थियो । त्यतिखेर धेरै ठाउँका छोराहरू पनि विद्यालय नपुगेको अवस्था थियो । त्यहाँबाट छलाङ मारेर अहिले हामी यस्तो अवस्थामा आइपुगेका छौं, कसैले पनि छोराछोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने नारा लगाउन छाडे, किनभने त्यो अवस्था हामीले गुजारिसक्यौं ।

अहिले आएर हामी केही चिजमा अलमलिइरहेका छौं, त्यसबाट बाहिर निस्कन सकेका छैनौं, यसमा हामीजस्ता शिक्षाकर्मीको पनि कमजोरी देख्छु, मेरो आफ्नै पनि कमजोरी देख्छु ।

हामीले अभिभावक वा बजारलाई यो सन्देश दिन सकिरहेका छैनौं कि शिक्षा भनेको विद्यालयमा मात्रै निहित हुँदैन, जीवनमा हामीले जति सिक्नुपर्ने हुन्छ, त्यसको १० प्रतिशत मात्रै विद्यालयमा सिकाइएला । उसले सिक्नुपर्ने ९० प्रतिशत अन्य 'स्किल', सामाजिक मूल्यहरू वा समाजका अन्य विविध विषयहरू विद्यालयमा सिकाइँदैन, यी कुरा उसले बाहिर वा समाजबाटै सिक्नुपर्छ ।

मैले मास्टर गरेर जतिखेर शिक्षा मन्त्रालयमा जागिर खाएँ, त्यतिखेर मैले गरेको मास्टर डिग्रीले त्यहाँ हुबहु काम गर्ने अवस्था थिएन । मैले काम कसरी गर्ने भनी सुरुदेखि नै सिक्नुपर्ने थियो । अर्थात्, शिक्षा एकातिर छ, जागिरमा गरिने काम-कारबाही अर्कोतिर छ । जागिर खानका लागि पहिलो आवश्यकता मात्रै भयो, सर्टिफिकेट । सर्टिफिकेटबिना लोकसेवा भिड्न पाइँदैन । त्यसपछि लोकसेवा पास गर्नलाई तपाईंले सामान्य ज्ञानदेखि थुप्रै विषय पढ्नुपर्छ, जुन कुरा विद्यालयमा पढाइएन । लोकसेवाका लागि कोचिङ क्लासदेखि विभिन्न तयारी समेत गर्नुपर्छ ।

यसरी हेर्दा हामीले शिक्षालाई परिवर्तन गर्न सकेनौं । शिक्षा लिएको मान्छेले सिधै रोजगारको अवसर पाउने पनि होइन । अहिले जति पनि खाडी मुलुक लगायत देशमा रोजगारीका लागि गइरहेका छन्, उनीहरूका लागि एसएलसी वा एसईईको सर्टिफिकेट वा शिक्षाले काम गर्दैन । उसले सम्बन्धित देशको भाषा पढ्नैपर्छ । त्यहाँ गएर उसले जे काम गर्छ, त्यसमा पनि उसको शिक्षाले काम गर्दैन ।

हामीले स्कुले शिक्षालाई यति रिजिड बनाइँदियौं, के भन्यौं भने- तिमी विद्यालयमा आऊ, पढ, पास गर । हाम्रा विद्यालयले कम्तीमा पास र फेल गराउन भने जानेका छन् । यसमा शिक्षकहरू भन् माहिर छन् ।

एकचोटि शिक्षक भएपछि उसले जिन्दगीभरि आफूलाई अपडेट गर्नुपर्दैन, ऊ जिन्दगीभरि शिक्षक भइरहन्छ । त्यसपछि ऊ विद्यार्थीलाई पास वा फेल गरेर बसिरहन्छ । हामीले शिक्षाको अर्थमा विविधता ल्याउन सकेनौं ।

कसैले प्रगति गर्न, आफ्नो एउटा पहिचान बनाउन वा कुनै क्षेत्रमा संघर्ष गर्नका लागि उसलाई चाहिने सीप के हो, दक्षता के हो, यसबारे हामीले औंल्याउन सकेनौं । उसलाई चाहिने सबै सीप विद्यालयमै सिकाउनुपर्छ भन्ने होइन । तर हामी यसकै पछाडि लागिरहेका छौं । अहिले तपाईंले सबै करिकुलम (पाठ्यक्रम) हेर्नुभयो भने यति गाईजात्रा छ, क्लाइमेट चेन्जदेखि फ्यामिली प्लानिङसम्म नानाथरी कुरा राखेर त्यसलाई खिचडी बनाएका छौं ।

विद्यार्थीलाई अन्य सीप सिक्नका लागि चाहिने विशुद्ध आधारभूत वातावरण सिर्जना गर्नु नै स्कुलको करिकुलमको एक मात्र उद्देश्य हुनुपर्ने हो । सामान्य लेखपढ र कम्युनिकेट गर्नेजस्ता आधारभूत ज्ञान भएन भने उसले अन्य सीप सिक्न गाह्रो हुन्छ । चाहे त्यो फरक क्षमता भएकाहरूले ब्रेललिपि वा साइन ल्याङ्वेजमार्फत सिकून् । अरु ठूलो सीप वा विषय सिक्नका लागि बेसिक ज्ञान पहिले हुनुपर्‍यो । स्कुलले गर्ने बेसिक फङ्सन (कार्य) भनेको यही हो । तर हामी आफैंले यस्तो रिजिड सिस्टम क्रेट गरिरहेका छौं, विद्यालयमा आएर सर्टिफिकेट नलिएसम्म मान्छेको अरु कुनै कुरामा पहुँच हुँदैन । सर्टिफिकेट लिनका लागि विद्यालय नै जानुपर्ने किन ? अब हामीले के महसुस गर्नुपर्छ भने सबै सीप विद्यालयमा सिकाउन सकिँदैन र सिकाउन जरुरी पनि छैन । किनभने त्यहाँको शिक्षक हरेक विधाको एक्स्पर्ट हुँदैन । हरेक विधा जान्ने एक्स्पर्ट हरेक विद्यालयमा उपलब्ध गराउन पनि सकिँदैन ।

अन्य देशमा शिक्षा एकदमै सहज हुन्छ । त्यसैले हाम्रा विद्यार्थी बाहिर पढ्न जान चाहन्छन् । यहाँजस्तो उहाँ धेरै विषय पढ्न पर्दैन । आफूलाई मन लागेको सीमित विषय पढ्न पाइन्छ । आफूले कुन विषय पढ्ने भनेर कन्सेप्ट लेखे अनुसार पढ्न सकिन्छ । जस्तो : कसैले एजुकेसनमा पीएचडी गर्न त्यहाँ ५० वटा विषय पढ्नुपर्दैन । एजुकेसनभित्रको पनि कुन चाहिँ डोमेन (कार्यक्षेत्र)मा फोकस गर्ने हो, त्यससम्बन्धी कुरा पढे पुग्छ । 'इन्टरनेसनल एजुकेसन'मा पीएचडी गर्ने भए त्योसँग सम्बन्धित कुराहरू पढे पुग्छ । बाँकी कुरा आफूले अनुसन्धान गर्ने हो । यो खालको लचकता हाम्रो शिक्षामा छैन । हामीले यो किसिमले लचक हुन जरुरी छ ।

यहाँले शिक्षाको परिभाषाको कुरा गर्नुभयो, वास्तवमा एउटा गम्भीर परिभाषा हामीलाई जरुरी छ । अघि मैले भनें, हामीले स्कुलमा १० प्रतिशत सिक्छौं भने बाँकी ९० प्रतिशत कुरा के हुन् भनी भनिदिनुपर्छ । समाजबाट सिक्ने सामाजिक मूल्य, केही सीप जुन विद्यार्थीले घरमै सिक्न सक्छ । जस्तो : खाना पकाउने कुरा । यो आधारभूत सीप हो, यसलाई कुनै स्कुल-कलेज वा क्याम्पसमा पढ्न जरुरी छैन । विद्यार्थीलाई स्कुल-कलेजले भन्नुपर्‍यो– यी आधारभूत सीप घरमा वा घरनजिकै संस्था, फर्म वा कारखानामा गएर सिकेर आऊ, हामी परीक्षा लिन्छौं । एउटा सानो उदाहरण, मेडिकल क्षेत्र पढ्दै गरेको व्यक्तिलाई अस्पताल वा बिरामीहरूको वातावरणसँग परिचित बनाउनुपर्छ ।

हामीकहाँ कस्तो भयो भने डाक्टरले नर्सलाई अह्राउने, इन्जिनियरले अरुलाई अह्राउने गरिन्छ । पढेर आएपछि त ऊ अगाडि सर्नुपर्छ, उसले फिल्डको काम जानेको हुनुपर्छ । अनि उसको पढाइले सही सेवा दिने वातावरण बन्छ । विदेशमा घरमा आएर दराज बनाउने वा बिजुली लगायतको काम गर्ने मानिस इन्जिनियर हुन्छ । ऊ आफैं आएर भन्छ, मैले फलानो ठाउँबाट फलानो विषयमा इन्जिनियरिङ गरेको छु । हामीकहाँ कहिल्यै पनि इन्जिनियर काम गर्न आउँदैन, कामदार आउँछ । यसरी हाम्रो पढाइ र सीपको प्रयोगबीच 'डिसकनेक्ट' भएको छ । इन्जिनियरिङ पढ्ने विद्यार्थीलाई सुरुदेखि नै सम्बन्धित क्षेत्रको बारेमा बुझ्ने वातावरण दिनुपर्‍यो । हामीकहाँ एकाएक कक्षा १२ पास गरिसकेपछि मात्रै डाक्टर, इन्जिनियर वा अरु के विषय पढ्ने भनेर सोच्न थालिन्छ ।

पछिल्लो समय हामीकहाँ पनि कक्षा ९ देखि विद्यार्थीले भविष्यमा पढ्ने विषयसँग सम्बन्धित विषय पढाइन्छ । तर हामी अझै पनि यति पेडागोजिकल (शैक्षणिक) छौं, विद्यार्थीलाई आफ्नो विषयसँग सम्बन्धितमा क्षेत्रमा पठाउँदैनौं । जेजति सिकाइ हुन्छ, क्लास रुमभित्रै हुन्छ । हाम्रो दुर्दशा यही हो । सर्टिफिकेट पाउन स्कुलमै पढ्नुपर्छ, तर त्यहाँ पढेर जति जानिने हो, त्यति जान्नेलाई सर्टिफिकेट वा लाइसेन्स दिने व्यवस्था हामीकहाँ छैन । यस कारण हाम्रो शिक्षाको पुनर्परिभाषित हुन आवश्यक छ । हाम्रा अभिभावकदेखि शिक्षक, बौद्धिक वर्ग सबैले के कुराको महसुस गरिदिनुपर्‍यो भने, अबको शिक्षा भनेको विद्यालयमा शतप्रतिशत निहित वा आश्रित होइन, विद्यालय नै सम्पूर्ण होइन है, त्यहाँको सिकाइले मात्रै काम गर्दैन । रातोपाटीबाट



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्न पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० वर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

### अनुरोधकर्ता
### रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी





## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

### जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी

# स्वास्थ्यमा सर्वव्यापी पहुँच कहिले ? उपलब्धि पनि दिगो छैनन्

**प्रवीण ढकाल**

'हाम्रो सामु एउटा ठूलो र दृढ एजेण्डाहरुको सूची छ । अब हामीले जनस्तरमै त्यसलाई लागू गर्न काम गर्न आवश्यक छ,' सन् २०१५ सेप्टेम्बरमा दिगो विकासका लक्ष्यहरू अंगिकार गर्नुअघि संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव बान की मुनले भनेका थिए ।

लगत्तै संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरू १५ वर्ष (सन् २०१६ देखि २०३०)सम्मका लागि 'दिगो विकास लक्ष्यहरू' नाम दिइएको १७ नयाँ लक्ष्यको सम्झौतामा पुगे । संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरूको सहभागितामा जनवरी १, २०१६ देखि दिगो विकास लक्ष्य कार्यान्वयनमा आयो। जस अन्तर्गत दिगो विकासका १७ लक्ष्य र १६९ परिमाणात्मक लक्ष्यहरू समेटिएका छन् ।

दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य ३ 'राम्रो स्वास्थ्य, समृद्ध जीवनस्तर'सँग सम्बन्धित छ । जसले 'सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने' उद्देश्य राख्छ । यस लक्ष्यमा ९ वटा परिणामात्मक लक्ष्यहरू समेत समेटिएका छन् । उक्त लक्ष्य हासिलका लागि स्वास्थ्यमा सर्वव्यापी पहुँच हुन अनिवार्य छ । तर नेपालमा अझै पनि आधारभूत स्वास्थ्यको पहुँच पनि सबै नागरिकमा पुग्न सकेको छैन । यस्तो अवस्थामा लक्ष्यहरु भेट्टाउन मुस्किल देखिएको छ ।

मुलभूत रुपमा दिगो विकास लक्ष्य अन्तर्गत रहेका परिमाणात्मक लक्ष्यहरूमा सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदरलाई ७० ( प्रत्येक १ लाख जीवित जन्ममा) भन्दा कम गर्ने, नवजात शिशुहरू र पाँच वर्षमुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने, एचआईभी एड्स, क्षयरोग, औलो ज्वरो र उष्णप्रदेशीय उपेक्षित रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवं अन्य सरुवा रोगहरू नियन्त्रण गर्ने, नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एक तिहाइले कम गर्नुका साथै मानिसक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने र लागुपदार्थ दुरुपयोग तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने जस्ता परिणामात्मक लक्ष्यहरू प्रस्ताव गरिएको छ ।

यसैगरी, सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेहरूको संख्यालाई घटाउने, यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने, स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने र वातावरणीय प्रभाव रोकथाम गर्ने जस्ता परिणामात्मक लक्ष्यहरू पनि निर्धारण गरिएको छ । तर उक्त लक्ष्य हासिल गर्न नेपालले धेरै मिहेनत गर्नुपर्ने देखिएको छ । अहिलेको जनशक्ति, बजेट र स्वास्थ्य प्रणालीबाट ती उपलब्धि हासिल हुन सक्ने अवस्था देखिएको छैन । विज्ञहरुले यसमा चिन्ता समेत व्यक्त गर्दै जनशक्ति र बजेट थप्दै प्रणालीगत सुधार गर्न सुझाव दिइरहेका छन्। तर यसमा सरकारले प्राथमिकता दिएको देखिँदैन । जसका कारण संविधानले नै सुरक्षित गरेको मौलिक हकबाट नागरिक बञ्चित हुनु परिरहेको छ ।

**अस्थिर छन् उपलब्धिहरू**

नेपालले विगतमा कतिपय स्वास्थ्य सूचकहरुमा उल्लेख प्रगति गरेको छ । तर कतिपय प्रगतिहरु स्थिर छन् भने कतिपयमा झिनो सुधारका साथ अगाडि बढिरहेका छन् ।

चिन्ताजनक पक्ष चाहिँ कतिपय सूचकहरुको अवस्था झनै नाजुक हुँदै गएका छन् । जस्तै नसर्ने रोगहरुको भार ह्वात्तै बढेको छ । सडक दुर्घटनाबाट हुने जोखिम उच्च हुँदै गएको छ । वातावरणीय प्रभावका कारण देखापर्ने रोगहरु उल्लेख्य छन् । विगतमा सरुवा रोगको चपेटमा रहेको नेपाल अहिले सरुवा रोग सहित नसर्ने रोग र दुर्घटनाका कारण हुने जनस्वास्थ्य समस्याको चपेटामा परिरहेको छ । यसका साथै नयाँनयाँ रोगको भार पनि थपिने क्रममा छ । जसका कारण हाम्रो स्वास्थ्य प्रणालीले विगतमा हासिल गरेका कतिपय उपलब्धिहरु समयसँगै गुम्ने खतरातर्फ बढेको देखिन्छ ।

स्वास्थ्य क्षेत्रमा नेपालले लामो समयदेखि महसुस गर्दै आएको पहुँच हुने र नहुनेबीचको खाडल पुरिन सकेको छैन । स्वास्थ्यकै सन्दर्भमा समेत शिक्षित र अशिक्षितबीच, धनी र गरिबबीच तथा सुगम र दुर्गमबीचको खाडल तथ्यांकहरुले नै देखाइरहेका छन् । उदाहरणको लागि पोषणको एउटा तथ्यांकलाई नै लिन सकिन्छ । धनी वर्गमा पोषणको कमीका कारण हुने पुड्कोपनको समस्यालाई दिगो विकासको लक्ष्य अनुसार हेर्ने हो भने धेरै पहिले नै लक्ष्य भेटिइसकेको अवस्था छ । तर गरिबको अवस्था भने विकराल छ । लक्ष्य अनुसार सन् २०३० मा पुड्कोपनको समस्या १५ प्रतिशतमा झार्ने रहेको छ । जबकी धनी वर्गलाई मात्र हेर्दा उक्त लक्ष्य सन् २०१६ मा नै पुग्न खोजेको देखिन्छ ।

सन् २०१६ मा धनी वर्गका १६ दशमलब ५ प्रतिशत बालबालिकामा मात्र पुड्कोपनको समस्या थियो । २०२२ मा उक्त दर घटेर १३ दशमलब १ प्रतिशतमा आइसकेको छ । दिगो विकास लक्ष्य अनुसार उपलब्धि हासिल गर्ने हो भने सरकारले उक्त खाडल पुर्नेतर्फ लाग्नुपर्नेमा जोड दिन्छन् जनस्वास्थ्य क्षेत्रमा लामो समयदेखि सक्रिय रुपमा लागिरहेका डा सुशील बराल ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्व प्रमुख डा बाबुराम मारासिनी विगतका उपलब्धि जोगाउँदै नयाँ लक्ष्य प्राप्तिका लागि अहिलेकै गतिले सम्भव नहुने बताउँछन् । भन्छन्, 'विगतलाई फर्केर हेर्दा प्रगातिहरु भएका देखिन्छन् । तर त्यसमा नै रमाइरहने अवस्था छैन । अब ती उपलब्धिहरुलाई जोगाउँदै नयाँ लक्ष्य भेट्न धेरै कुरामा ध्यान दिन जरुरी छ । होइन भने उपलब्धि गुम्ने खतरा उत्तिकै रहन्छ ।

**चुनौती**

हालसम्म उपलब्ध तथ्यांक, विज्ञहरुको सुझावलाई हेर्ने हो भने दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनको आधा बाटो तय गरिसक्दा नेपाल सहज ठाउँमा उभिएको देखिन्न । चुनौती छरपष्ट छन् । तिनको सम्बोधनको लागि दृढ राजनीतिक इच्छाशक्ति, नीतिगत स्पष्टता र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ । तर यी पक्षहरुको सम्बोधनमा फितलोपन देखिन्छ ।

विश्व स्वास्थ्य संगठनले स्वास्थ्य क्षेत्रमा दिगो र उल्लेख्य सुधार गर्नको लागि कम्तीमा कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट आवश्यक रहेको देखाउँछ । तर अहिलेसम्म हेर्दा नेपालले कुल बजेटको पाँच प्रतिशत हाराहारी मात्र स्वास्थ्य क्षेत्रमा केन्द्रित गर्दै आइरहेको छ । स्वास्थ्य क्षेत्रमा अहिले भइरहेको आर्थिक भार हेर्दा नागरिकको खल्तीबाट ५७ प्रतिशत रकम खर्च भइरहेको देखिन्छ भने सरकारको जम्मा ४३ प्रतिशत मात्र छ । संविधानले नागरिकलाई आधारभूत स्वास्थ्य निःशुल्क भने पनि नागरिकले आधारभूत स्वास्थ्य सेवा पनि खरिद गर्नुपर्ने अवस्था अझै छ । स्वास्थ्य क्षेत्रमा लगानी बढाउँदै नागरिकको खल्तीबाट खर्च गर्नुपर्ने अवस्था कम गर्दै लैजानका लागि सरकारले स्वास्थ्य क्षेत्र वित्त रणनीति ल्याएको छ । तर त्यसको कार्यान्वयन भने हुन सकेको छैन । उक्त रणनीति कार्यान्वयमा ल्याउन स्वास्थ्य क्षेत्रमा बजेट थप्नुका साथै स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउनुपर्ने देखिन्छ ।

राजनीतिक अस्थिरता, जवाफदेहिताको अभाव र कतिपय नीतिगत अस्पष्टताको मारमा नेपालको समग्र स्वास्थ्य प्रणाली परेकै छ । हाम्रो स्वास्थ्य प्रणाली कति कमजोर रहेछ भन्ने कुरा कोभिड महामारीमा नै प्रष्ट भइसकेको छ । ठूला विपद् र महामारीलाई थेग्न सक्ने गरी हाम्रो प्रणाली सुदृढ भएकै छैनन् ।

संघीय संरचनाले ल्याएका कतिपय परिवर्तनहरुका कारण समग्र स्वास्थ्य क्षेत्र समन्वयको अभावको समस्याबाट समेत गुज्रिरहेका छन् । कतिपय अवस्थामा अधिकार र कार्यक्षेत्रको विवाद समेत देखिन्छ । यसले स्वास्थ्य सेवा प्रवाह समेत प्रभावित भएकै छन् ।

भौगोलिक विकटता र दक्ष जनशक्तिको अभाव जस्ता समस्याले समेत स्वास्थ्य सेवामा सीमित पहुँचको अवस्था निम्त्याएका छन् । दुर्गम जिल्लाहरुमा स्वास्थ्य संस्थाका भवनहरु निर्माण भएका छन् । तर दक्ष जनशक्ति छैनन् । संख्यात्मक विकास भएका छन्। तर गुणात्मक विकासको संकेत देखा परेका छैनन् । भौतिक पूर्वाधार भरपर्दा छैनन् । उपकरणहरुको गुणस्तरमा प्रश्न गर्न सकिने ठाउँहरु छन् । गरिबलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन स्वास्थ्य बीमा कार्यक्रम सुरु त भएको छ तर यसको चुस्त कार्यान्वयनमा अझै प्रश्नहरु छन् ।

मातृ स्वास्थ्य सेवामा उल्लेख्य प्रगति भएको भन्दै खुसी हुने एकातर्फ छन् भने सेवाको पहुँच नै नपाउँदा धेरै आमाहरुले बाटोमै बच्चा जन्माउनु परेको अवस्थादेखि मृत्युवरण गर्नुपर्ने बाध्यता छ ।

**छैन एकांकी समाधान**

चुनौतीहरुको समाधान कसरी गर्ने? स्वास्थ्य क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिहरुलाई कसरी दिगो बनाउने ? प्रश्नहरु प्रशस्त छन् । तर समाधान सजिलो छैनगिर। जानकारहरु स्वास्थ्यसँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूको प्राप्तिको सन्दर्भमा अन्य धेरै पक्षहरूले प्रभाव पार्ने बताउँछन् ।

यसमध्ये सबैभन्दा महत्वपूर्ण पाटो आर्थिक अवस्था नै हो । जनताको समग्र आर्थिक अवस्थामा सुधार नहुँदासम्म स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिहरूले जुनसुकै दिन उल्टो बाटो समात्न सक्छ ।

स्वास्थ्य प्रणालीमा समेत संख्यात्मक उपलब्धिलाई दिगो बनाउन अब गुणात्मक उपलब्धिको यात्रा तय गर्न आवश्यक देखिन्छ । प्रणालीमा जवाफदेहिता, सेवा प्रवाहमा चुस्तता, पूर्वाधारमा गुणस्तरको सुनिश्चितता तथा सम्भावित जोखिमको पूर्व तयारीको अवस्था आदिले मात्रै हामीलाई दिगो समाधानतर्फ उन्मुख गराउन सक्छ ।

यसका लागि तीनै तहका सरकारहरुमा स्वास्थ्यलाई प्राथमिकता दिने इच्छाशक्ति र तदअनुरुप काम गर्ने तत्परता देखिन आवश्यक छ । तर प्राथमिकतामा पर्ने सम्भावना कति छ ? यो प्रश्नको पनि सहज जवाफ भेटिन्न । कतिपय स्थानीय तहहरुमा उदाहरणीय काम भएका छन् । कतिपयमा डोजरे विकास र भ्यू-टावरहरु नै प्राथमिकतामा परेको देखिन्छ । यसमा सामञ्जस्यता मिलाउन आवश्यक छ ।

**तथ्यांकले झनै झस्काउँछ**

गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु राज्यको महत्वपूर्ण दायित्व हो संविधानको धारा ३५ (१) र (३) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने तथा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरिएको छ तर उक्त हकको उपभोग भने सबै नागरिकले गर्न पाएका छैनन् ।

पछिल्लो पाँच वर्षमा सरकारी स्वास्थ्य संस्थामा चिकित्सक र औषधिको उपलब्धतालाई नै नियाल्ने हो भने स्वास्थ्य सेवाको पहुँचको अवस्था छर्लङ्ग हुन्छ।नेपाल हेल्थ फेसिलिटी सर्भे सन् २०१५ र २०२१ लाई तुलना गरेर हेर्दा स्वास्थ्य संस्थामा उपलब्ध नर्स र पारामेडिक्सको संख्यामा खासै वृद्धि भएको देखिँदैन। सरकारी दरबन्दी अनुसार स्वास्थ्य संस्थामा मेडिकल अफिसर, विशेषज्ञ चिकित्सक, एमडीजीपी चिकित्सकको उपलब्धता सन् २०१५ को भन्दा सन् २०२१ मा झनै घटेको देखिन्छ । अझै यो समस्या सुदूरपश्चिम र कर्णालीमा बढी छ । कर्णालीमा चिकित्सकको उपलब्धता ऋणात्मक हुँदै गएको छ । त्यतिबेला दरबन्दीमा ६३ दशमलव ९ प्रतिशत चिकित्सकको उपलब्धता थियो भने सन् २०२१ मा ३२ दशमलव ८ प्रतिशत मात्र देखिन्छ अर्थात् ४० प्रतिशत घटेको देखिन्छ ।

स्वास्थ्य संस्थामा उपलब्ध हुने औषधिको अवस्थालाई हेर्दा झनै झस्काउने तथ्यांक भेटिन्छ । स्वास्थ्य संस्थामा औषधिको उपलब्धतामा आधारभूत औषधिमध्ये १८ प्रकारका औषधिलाई ट्रेसरको रुपमा लिइएको छ । यी १८ प्रकारका सबै औषधि सन् २०१५ मा शून्य दशमलव ८ प्रतिशत स्वास्थ्य संस्थाहरूमा मात्रै उपलब्ध रहेको पाइएको थियो । सन् २०२१ मा यी सबै औषधि उपलब्ध भएका स्वास्थ्य संस्थाहरू एक दशमलव तीन प्रतिशत मात्र देखियो। जनशक्ति र औषधिको उपलब्धताका यी दुई तथ्यांकले पनि स्वास्थ्य सेवाको वर्तमान अवस्था कस्तो छ भनेर प्रष्ट देखाउँछ । यस्तो अवस्थाका कारण नागरिकहरु बाटोमै मर्न बाध्य छन् । हजारौं आमाहरु बाटोमै सुत्केरी भइरहेका छन्● । सामान्य प्रयोगशाला परीक्षण नभएर गरिब जनता ऋण खोजेर सहर धाउन बाध्य छन् । तर यी समस्या सुधारका लागि प्रभावकारी कदम चालिएको भने देखिँदैन । न त स्वास्थ्य मन्त्रालयको नेतृत्व न त प्रधानमन्त्री नै यसमा गम्भीर छन् ।

**बहसको सुरुवात**

आज पनि हामीले पाइला-पाइलामा स्वास्थ्य सेवा प्रवाहमा विभेद देख्न सक्छौं । काठमाडौंको एउटा सुविधासम्पन्न अस्पतालमा भएका सुविधा अलि परका जिल्लाहरुमा छैन । ठूला रोगहरू लाग्दा उपचारकै क्रममा कतिपय परिवारले सर्वस्व गुमाउनुपर्ने अवस्था छ ।

समग्रमा नेपालको स्वास्थ्य प्रणाली उपचारात्मक सेवामा केन्द्रित छ । निदानात्मक तथा रोकथामका लागि भने कम प्रयासहरु देखिन्छ । यस अतिरिक्त जलवायु परिवर्तनले निम्त्याएका नयाँ खालका स्वास्थ्य जटिलताको बारेमा सोच्न फुर्सद नै छैन । अध्ययन-अनुसन्धानको दायरा साँघुरो छ । विपद् तथा महामारी थेग्न हाम्रो प्रणाली सुदृढ छैन । सडक दुर्घटना न्यूनीकरणको सबल प्रयासहरु छैनन् । नसर्ने रोगहरु खासगरी मानसिक स्वास्थ्यको बढ्दो भारमा खासै ध्यान पुगेको देखिन्न । बजेटको न्यायोचित बाँडफाँट छैन । गरिबहरुले समानताको अनुभूति गर्न सकेको देखिन्न ।

यस्तो अवस्थामा सन् २०३० अर्थात् अबको सात वर्षमा नेपालले स्वास्थ्यसँग सम्बन्धित दिगो विकासका लक्ष्यहरु तय गर्ने आधार के हो ? सम्भवतः सरकार लगायत सबै सरोकारवाला निकायले आजैबाट यस प्रश्नको जवाफ खोजी गर्नुपर्नेछ । गम्भीरतासँगै काम गरेर देखाउने तत्परता सुनिश्चित गर्न आवश्यक छ । अन्यथा दिगो विकासका लक्ष्यहरू कार्यान्वयनमा नेपाल चुस्त उभिनेछ भन्ने आश्वस्त हुने ठाउँ रहने छैन । स्वास्थ्यमा सर्वव्यापी पहुँच कहिले होला ? कहिले सबै नागरिकले सहज रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउलान् ? स्वास्थ्य खबरबाट


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# नेपाल-भारतबीच विद्यमान सम्बन्धलाई व्यापक र प्रगाढ बनाउनमा जोड

**राजविराज**/पूर्व उपप्रधानमन्त्री एवं लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले नेपाल-भारतबीच विद्यमान जनस्तरको सम्बन्धलाई व्यापक र प्रगाढ बनाउने दिशामा सबै मिलेर अगाडी बढ्नु पर्ने बताएका छन्।

नेपाल-भारत खुल्ला सीमा सम्वाद समूह सप्तरीद्वारा सोमबार राजविराजमा आयोजित "राजविराज-कुनौली सीमा" विषयक अन्तर सम्वाद कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै वरिष्ठ नेता महतोले यस्तो बताएका हुन्।

उनले नागरिक स्तरमा आइपर्ने बाधा, अवरोध र विभिन्न खाले समस्या समाधानका लागि सीमावर्ती क्षेत्रमा साझा सहकार्यको औचित्य बढेर गएको बताए। नेपाल-भारत खुल्ला सीमा नेपालीहरुका लागि वरदान भएको भन्दै यसको सदुपयोग गर्नुपर्ने बताए।

"खुल्ला सीमा नेपालीहरुका लागि वरदान हुन्, उनले भने-तर यसको दुरुपयोग र वरदानलाई अभिसाप बनाउने कार्यमा संलग्नहरुको पहिचान गरेर अघि बढ्नु पनि उत्तिकै जरुरी छ।"

नेपाल-भारतबीचका व्यवसायिक, आर्थिक, साँस्कृतिक, सामाजिक लगायत विभिन्न सम्बन्धमा केही त्रृटी भए मिलेर समाधान खोजि सम्बन्धलाई थप उचाईमा पुऱ्याउनु पर्ने उनको जोड थियो। उनले सीमाञ्चल क्षेत्रमा अवस्थित राजविराजमा सक्रिय नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहको भूमिका अत्यन्तै गहन रहेको चर्चा गर्दै आगामी दिनहरुमा यसले दुई देशबीच कुनै समस्या आए समाधानका लागि थप भूमिका खेल्ने विश्वास समेत व्यक्त गरे।

भारतको कुनौली ब्लकका प्रमुख एवं नागरिक अगुवा अरबिन्द गुप्ताले दुई मुलुकको जनताको हित र चाहना बमोजिम नेपाल-भारत सम्बन्ध कायम हुनपर्छ भन्दै आपसी सम्बन्ध तथा कुटनीतिक पहलको आधारमा दुई मुलुकबीच देखिएका समस्याहरुको सम्बोधन हुनुपर्ने धारणा राखे।

उनले तिलाठीस्थित राजविराज भन्सार कार्यालयको नाक सामुन्ने रहेको भारतीय बजार कुनौली जोड्ने मार्गमा पुल नहुँदा दुबै देशका नागरिकले पीडा भोग्नु परिरहेको सुनाउँदै समस्या समाधानका लागि नेपाल-भारत मैत्री पुल निर्माण गर्न दुबै देशका नागरिकले आ-आफ्नो सरकारको ध्यानाकर्षण गराउनु पर्ने आवश्यकता औल्याए।

पूर्वमन्त्री उमेश कुमार यादवले दुबै मुलुकले एक अर्काको संवेदनशिलता बुझेर अगाडी बढ्नु पर्नेमा जोड दिँदै नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहले चलाएको अभियानमा आफ्नो सदा साथ र सहयोग रहने प्रतिबद्धता जनाए।

आयोजक संस्थाका अध्यक्ष गजेन्द्र कुमार मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्वसांसद चन्द्रकान्त चौधरी, समूहका केन्द्रिय संयोजक राजिव झा, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, वरिष्ठ पत्रकार अनिलकुमार अनल, लोसपाका केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, जसपाका जिल्ला अध्यक्ष केदार यादव, काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साह, माओवादी केन्द्रका बिनोद कुमार यादव, हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर बिरेन्द्र माझी, राजविराज नगरपालिकाका पुर्वमेयर शैलेश चौधरी, शम्भुप्रसाद यादव, महिला नेतृ साधना झा, रमिला साह, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, सेभ द सप्तरीका अध्यक्ष ध्रुब देव लगायतले पनि खुल्ला सीमाना नेपाल-भारत सम्बन्धको विशिष्ट पक्ष रहेको चर्चा गर्दै यसबाट दुबै मुलुक थप लाभान्वित हुनुपर्नेमा जोड दिएका थिए।

उनीहरुले वर्तमान परिवेशमा नेपाल-भारत सम्बन्ध दुबै मुलुकको विकास, समृद्धी तथा सुरक्षाको आधारमा अगाडी बढ्नु पर्ने धारणा व्यक्त गर्दै यसका लागि नेपाल र भारत मिलेर बढ्नु पर्ने सुझाव समेत दिए। वक्ताहरुले सदिऔंदेखी कायम रहेको नेपाल-भारतबीचको साँस्कृतिक, सामाजिक र राजनीतिक सम्बन्धलाई अझ प्रगाढ बनाउन र भइरहेका कमीकमजोरी सच्याउन आ-आफ्नो अनुभव र धारणासहित सुझाव पनि दिएका छन्।

# ८५ वर्षमाथीका सात जना जेष्ठ नागरिक सम्मानित

**राजविराज**/तेश्रो राष्ट्रिय जेष्ठ नागरिक दिवस तथा जेष्ठ नागरिक जिल्ला संघ सप्तरीको दोश्रो जिल्ला सभा सम्पन्न भएको छ।

जेष्ठ नागरिक जिल्ला संघको आयोजना तथा पूर्वकर्मचारी सेवा परिसद् नेपाल सप्तरी शाखाको समन्वयमा आयोजित कार्यक्रममा जिल्लाका ८५ वर्षमाथीका सात जना जेष्ठ नागरिकलाई सम्मान गरिएको छ।

सम्मानित हुनेमा राजविराज नगरपालिकाका रायचन्द्र दुंगड, अरुण चौधरी, मो. हाजि लतिफ, तुलसीप्रसाद दाहाल, बिजयकान्त झा र बिमलादेवी बैद्य छन्। यस्तै रुपनी गाउँपालिकाका सीताबी प्रसाद साह पनि सम्मानित भएका छन्। उनीहरु सबै ८५ वर्ष भन्दा माथीका हुन्। सम्मानित दुई जना अस्वस्थ्य तथा असत्तताका कारण उपस्थित हुन नसक्दा उनीहरुको घरमै पुगि सम्मान गरिएको छ।

जेष्ठ नागरिक जिल्ला संघले विभिन्न क्षेत्रमा योगदान गरेका तथा दिर्घजिवन बिताइरहेका जेष्ठ नागरिकको खोजि गरि सम्मान गरेको संघका जिल्ला सचिव बैधनाथ झाले जानकारी दिए।

कार्यक्रमका प्रमुख अतिथिको आसन्नबाट बोल्दै मधेश प्रदेशसभा सदस्य मालाकुमारी कर्णले जेष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार नगर्नेलाई सामाजिक बहिष्कार गर्नुपर्नेमा जोड दिएकी छिन्।

उनले उर्जाशिल समय सन्तान र परिवारका लागि खर्चिने जेष्ठ नागरिक बृद्धाआश्रममा उपेक्षाको शिकार हुने क्रम बढ्दो गएकोले यस्तो व्यवहार गर्नेलाई सामाजिक रुपमै बहिष्कार गरिनुपर्ने धारणा राखिन्।

जेष्ठ नागरिकलाई बृद्धा आश्रममा होइन्, घरमै सम्मान गरौं नाराका साथ सुरु भएको कार्यक्रममा बोल्दै सभासदस्य कर्णले जेष्ठ नागरिकप्रति हुने विभेद अन्त्य गर्न पालिकास्तरमा समेत समितिहरुको गठन आवश्यक रहेको बताउँदै अनुभवका खानी जेष्ठ नागरिकको सुरक्षा, संरक्षण र सम्मानका लागि आफूले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाइन्।

कार्यक्रममा जेष्ठ नागरिक जिल्ला संघका कार्यवाहक अध्यक्ष शंकर सारदा, सल्लाहकार रामनरेश सिंह, पूर्व कर्मचारी सेवा परिषद् नेपाल शाखा सप्तरीका अध्यक्ष सुगम्बर यादव, राष्ट्रिय मारवाडी महिला मञ्चका केन्द्रिय उपाध्यक्ष मञ्जु सारदा, डाक्नेश्वरी नगरपालिकाका पूर्वमेयर शिवनारायण साह, सामुदायिक सेवा केन्द्रका सल्लाहकार हितनारायण लाल दास, तेरापंथ महिला मण्डल राजविराजका निवर्तमान अध्यक्ष रेखा बैद्य, पत्रकार महासंघ सप्तरीका पूर्वसभापति धिरेन्द्र साह, विद्यापति पुरस्कार कोषका सदस्य सचिव ध्रुब मण्डल, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली लगायतले पनि बोल्दै जेष्ठ नागरिकलाई घर, समाज तथा राष्ट्रबाट सम्मानजनक व्यवहार हुनुपर्नेमा जोड दिएका थिए।

यसैबीच बन्दसत्रबाट जेष्ठ नागरिक जिल्ला संघको अध्यक्षमा रामनरेश सिंहलाई चयन गरिएको छ। सिंहको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतले चयन पनि गरेको छ। नवगठित संघको उपाध्यक्षमा शंकर सारदा, सचिव बैधनाथ झा र कोषाध्यक्षमा नन्दलाल साह रहेका छन्।

यस्तै सदस्यहरुमा शिवनारायण साह, थानसिंह भंसाली, सुगम्बर यादव, सत्यनारायण देव, पवनप्रसाद सिंह, हितनारायण लाल दास र श्रीमती बच्ची मिश्राको चयन गरिएको संघले जनाएको छ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभुति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## उत्तरी गाजापट्टीमा रहेको हमासको मुख्यालयको सुरुङ ध्वस्त पारेको इजरायली दावी

**तेल अभिव**/उत्तरी गाजा पट्टीमा हमासको राजनीतिक र सैन्य मुख्यालय रहेको सुरुङहरू फेला परेको र तिनीहरूलाई नष्ट गरिएको इजरायली रक्षा बलले शनिबार जनाएको छ।

इजरायलले प्यालेस्टिनी कट्टरपन्थी लडाकू समूह (हमास) का लडाकूहरूले प्रयोग गरेका सुरुङहरूको फुटेज सार्वजनिक गर्दै सुरुङहरूमा विद्युतको पहुँच, भेन्टिलेसन र ढल पूर्वाधार, प्रार्थना कक्ष र विश्राम कक्षहरू रहेको उल्लेख गरेको छ।

हालैका हप्ताहरूमा, १६२ औं डिभिजनको कमाण्डमा १४ औं रिजर्भ ब्रिगेड कम्ब्याट टिमले गाजा पट्टीमा हमास आतङ्कवादी सङ्गठनका नेता याह्या सिनवारको गोप्य बासस्थान (अपार्टमेन्ट) फेला पारी नष्ट गरेको छ।

उक्त अपार्टमेन्ट उत्तरी गाजा पट्टीको गाजा शहर नजिकै रहेको इजरायली रक्षा बलले जनाएको छ। रक्षा बलका अनुसार, "याहलोम युनिटका सैनिकहरूले थप प्राविधिक साधनहरू प्रयोग गरेर अपार्टमेन्टको खोजी गरेका थिए। अपार्टमेन्टको भूमिगत संरचनाको सबैभन्दा तल हमासको रणनीतिक सुरुङ मार्ग रहेको थियो।

सैनिकहरूले सुरुङ मार्ग हुँदै भित्री महत्वपूर्ण सुरुङमा पुगेको र त्यसलाई हमासको सैन्य र राजनीतिक विभागका वरिष्ठ अधिकारीहरूले प्रयोग गर्ने गरेको बताएको छ।

"यो अपार्टमेन्ट लामो र शाखारहित सुरुङ सञ्जालको हिस्सा हो। यसमा हमासका वरिष्ठ अधिकारीहरू सरेका थिए र सञ्चालन गरेका थिए।" उत्तरी गाजा पट्टीमा हमासले २१८ मिटर लामो र २० मिटर गहिरो सुरुङ बनाई आफ्ना रणनीतिक कामहरू गर्दै आएको", इजरायली रक्षा बलले जनाएको छ, "सुरुङभित्र विद्युतीय सञ्जाल, भेन्टिलेसन र ढल निकास पूर्वाधार, लुकेको सामग्री, प्रार्थना कक्ष र विश्राम कक्षहरू फेला पारेका थिए।"

सुरुङभित्र रहन र लामो समयसम्म यसबाट युद्ध गर्न सम्भव हुनेगरी निर्माण गरिएको थियो। इजरायली सेनाले याहलोम युनिटका सैनिकहरूले सुरुङलाई नष्ट गरेका छन्। रक्षा बलले याहलोम युनिटका सैनिकहरूले सुरुङको मार्ग पत्ता लगाएको र सुरुङभित्र सुरक्षा जाँचसमेत गरेको फुटेज साझा गरेको छ। सेनाले हमासको मुख्यालय क्षेत्रमा सुरुङहरू भत्काएको फुटेज पनि साझा गरेको छ।

गुप्तचर सूचनाको आधारमा लडाकूहरूले हमास आतङ्कवादी सङ्गठनका कार्यकर्ताको दर्जनौं घरमा छापा मारेका र त्यहाँ फेला पारेका विस्फोटक पदार्थहरू नष्ट गरेका छन्। एजेन्सी

## सुडानको स्वास्थ्य सङ्कटबारे डब्लूएचओको चेतावनी

**जेनेभा**/विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)ले सुडानमा गहिरिँदो स्वास्थ्य र मानवीय सङ्कटसँग जुध्नका लागि तत्काल कदम चाल्न आह्वान गर्दै अन्तर्राष्ट्रिय समुदायलाई आर्थिक सहयोग बढाउन आग्रह गरेको छ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले युद्धबाट प्रभावित सुडानी क्षेत्रका अधिकांश स्वास्थ्य संस्थाले युद्धका कारण काम गर्न नसकेको शुक्रबार बताउनुभएको छ।

गत अप्रिल १५ देखि सुडानका सेना प्रमुख अब्देल फतह अल बुरहानले आफ्ना पूर्व सहयोगी रहेका अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेजका कमाण्डर मोहम्मद हमदान डग्लोसँग सशस्त्ररूपमा लडिरहनुभएको छ।

सुडानको राजधानी खार्तुमको दक्षिणमा रहेको अल-जजिरा राज्यमा भएको द्वन्द्वपछि पाँच लाखभन्दा बढी मानिसले शरण लिएका थिए। यसै महिना अर्धसैनिक बलले राज्यको गहिराइमा पुगेर देशको बाँकी रहेका केही भागमध्ये एकलाई ध्वस्त पारिदिएपछि तीन लाखभन्दा बढी मानिस फेरि भाग्न बाध्य भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

टेड्रोसले ट्वीटरमा भन्नुभएको छ, "सुडानमा बढ्दो मानवीय र स्वास्थ्य सङ्कटबीच बढ्दो द्वन्द्वलाई उल्ट्याउन तत्काल कदम चाल्न आवश्यक छ। द्वन्द्वका कारण मुख्यतया महिला र बालबालिकासहित लाखौं मानिस प्रभावित भएका छन्।

सशस्त्र द्वन्द्व स्थान र घटना डाटा परियोजनाको एक अनुमानअनुसार अप्रिलमा द्वन्द्व सुरु भएयता हिंसामा १२ हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ।

टेड्रोसले भन्नुभयो, "रोगको फैलावट नियन्त्रण र कुपोषणको खतरालाई सम्बोधन गर्नेलगायत तीव्र स्वास्थ्य आवश्यकताहरूको साझेदारसँग प्रतिक्रिया दिँदै डब्ल्यूएचओले प्रभावित जनसङ्ख्याको अत्यावश्यक स्वास्थ्य आवश्यकता पूरा गर्न अन्तर्राष्ट्रिय समुदायबाट थप आर्थिक सहयोगको लागि पनि आह्वान गर्दछ।"

उहाँले भन्नुभयो, "यसमा प्रभावित राज्यहरूमा सबैभन्दा कमजोर व्यक्तिहरूका लागि आधारभूत स्वास्थ्य सेवाहरूको प्रावधानलाई बढावा दिनु रहेको छ। सुडानमा कम्तिमा ७० प्रतिशत स्वास्थ्य संस्थाहरूले द्वन्द्वका कारण काम गरिरहेका छैनन्।

संयुक्त राष्ट्रसङ्घका अनुसार कम्तीमा ७१ लाख मानिस विस्थापित भएका छन्, जसमध्ये १५ लाख सीमा पार गरेर छिमेकी मुलुकतर्फ भागेका छन्। इथियोपियाका पूर्वस्वास्थ्यमन्त्री टेड्रोसले सन् २०१७ देखि संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य निकायको नेतृत्व गर्दै आएका छन्। एजेन्सी

# हरवाचरवा सम्बन्धि समिक्षा बैठक सम्पन्न




**राजविराज**/हरवाचरवा मुक्त घोषणा तथा सरोकारवालाहरुसँगको समिक्षा बैठक कार्यक्रम शुक्रबार सप्तरीको बोदे बसाईन नगरपालिकामा सम्पन्न भएको छ।

बोदे बर्साइन नगरपालिकाको सभाहलमा सम्पन्न समिक्षा बैठकमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा जिल्लाको बिभिन्न चार वटा पालिकामा सञ्चालित हरवा चरवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सन् २०२३ को जनवरीदेखि २०२३ को डिसेम्बर सम्म गरिएको गतिबिधिहरुको समिक्षा गरिएको छ।

कार्यक्रममा हरवा चरवाका प्रतिनिधिहरुले अझै आफुहरुले न्यायको अनुभूति गर्न नपाएको गुनासो गरेका छन्। अहिले पनि बिभिन्न किसिमका बिभेद भोग्नु परेको गुनासो गर्दै हरवा चरवाका प्रतिनिधिहरुले अझै उठिबासको पीडा भोग्न बाध्य भएको बताएका छन्।

कार्यक्रममा हरवा चरवा अधिकार मञ्चका उमाकान्त सदा, बोदे बसाईन नगर हरवा चरवा सञ्जालका शिब नारायण सदा, रुपनी गाउँपालिका हरवा चरवा सञ्जालका सूर्य नारायण सदा, शम्भुनाथ नगरपालिका हरवा चरवा सञ्जालका दुर्गीदेवी सदा लगायतले सरकारबाट हरवा चरवा मुक्तिको घोषणा भएपनि कार्यान्वयन नभएको गुनासो गरेका छन्।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका अध्यक्ष चुतरनारायण चौधरीको अध्यक्षतामा आयोजित समिक्षा बैठकमा बोदे बसाईन नगरपालिकाका इन्जिनियर दिनेश कुमार ठाकुर, रुपनी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रघुनन्दन यादव डाक्नेश्वरी नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष भागेश्वर यादव लगायतले हरवा चरवा परिवारको पुर्नस्थापना र रोजगारीका लागि पहल हुनुपर्नेमा जोड दिए।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यक्रम सहजकर्ता बिजली रामद्वारा सञ्चालित समिक्षा बैठक कार्यक्रममा श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर बिनोदानन्द चौधरीले कार्यक्रमको उद्देश्य तथा बर्षभरी गरिएका गतिबिधि बारे प्रकाश पार्नुभयो। कार्यक्रममा स्वागत मन्त्व्य संस्थाका सहजकर्ता सञ्जीव कुमार यादवले गरेका थिए।

# सामुदायिक विद्यालयमा ज्येष्ठ नागरिक सम्बन्धी पाठ पढाउन निर्देशन

**राजविराज**/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका सामुदायिक विद्यालयमा ज्येष्ठ नागरिक सम्बन्धी पाठ पढाउन निर्देशन दिएको छ।

मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पुस ११ गते सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरियड ज्येष्ठ नागरिक सम्बन्धी पढाउने व्यवस्था मिलाउन आदेश जारी गरेको हो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गरिदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएको थियो। सोही आधारमा शिक्षा मन्त्रालयले सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरियडमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न आदेश जारी गरेको हो।

बालबालिकाहरूमा ज्येष्ठ नागरिकका बारेमा जानकारी गराउने उद्देश्यले अध्यापन गराइदिन अनुरोध गर्दै शिक्षा मन्त्रालयलाई पत्र पठाएको थियो।


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ। तसर्थ कानका रोगीहरूले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ।





शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी


# लागु औषधसहित दुई पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले प्रतिबन्धित लागु औषधसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका १० डङ्गाही बस्ने २६ वर्षका सुनिल मण्डल र राजगढ गाउँपालिका १ झुट्की बस्ने ४२ वर्षका रमानन्द यादव रहेका छन्।

पक्राउ परेका दुबै जनाको साथबाट प्रहरीले फेनारगन ८४ (पिस), डाईजोपम ८४ (पिस) र टेलजेसिक-८४ (पिस) बरामद गरेको छ भने उनीहरुले प्रयोग गर्ने एक थान मोटरसाइकल समेत नियन्त्रण लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरी र लागु औषध ब्युरो शाखा कार्यालय धनुषाबाट खटिएको संयुक्त टोलिले मंगलबार गोप्य सुचनाको आधारमा राजबिराज ४ स्थित राहुल गेष्ट हाउसबाट उनीहरुलाई पक्राउ गरि बुधबार जिल्ला अदालत सप्तरीबाट ७ दिनको म्याद थप गराई थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ।

## *खडक जिल्ला तथा...*

कार्यक्रमहरु अभियानकै रुपमा संचालन गरेको बताए।

यस्तै पालिकामा बसोवास गर्दै आएका विभिन्न समुदायका प्रतिनिधी तथा अभिभावक समेतले सन्तानको २० वर्ष नपुगि विवाह नगर्ने गराउने, कतै भए रोक्ने र बहिष्कार गर्ने लगायतका प्रतिबद्धता समेत गरेको उनले बताए।

उक्त पालिकामा ९ हजार ४ सय ३२ घरधूरी रहेको छ। प्रत्येक घरधुरीमा घरदैलो कार्यक्रम मार्फत समेत सचेतना कार्यक्रम गरिएको अभियानका सहयोगि संस्था सबल नेपालका सिनियर म्यानेजर अशोक साहले बताए।

घोषणा सभामा प्रमुख प्रशासकीय अधिकृत हरेन्द्र कुमार श्रेष्ठले बालविवाह मुक्त नगगरपालिका घोषणा प्रतिवेदन २०८० प्रस्तुत गरे। घोषणासभाको बीचबीचमा विभिन्न विद्यालयका बालबालिकाहरुद्वारा सचेतनामूलक नृत्य, गित तथा नाटक प्रस्तु गरिएको थियो।

खडक नगरपालिकाले २०८० साल भित्र बालबाविवाह मुक्त नगर घोषणा गर्ने लक्ष्यका साथ सबल नेपाल र सेभ द चिल्ड्रेनको सकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गर्नुका साथै ११ वटै वडामा बालविवाह बिरुद्धको बृहत अभियान नै संचालन गरेको थियो।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money CHAUDHARY GROUP


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*